# बजेट, नीति तथा कार्यक्रम (आ.व. २०८०/०८१)
## एकडारा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## एकडारा, महोत्तरी
## मधेश प्रदेश

**प्रमुख अतिथि मधेस प्रदेश सरकार मानिनिय मन्त्रि श्री सुरीता साह ज्यू,**
**उपस्थिति सम्पुर्ण बिशिष्ट अतिथि ज्यहरु**
**उपस्थिति अतिथि ज्यूहरु**
**उपस्थित विभिन्न राजनीतिक दलका पार्टी प्रतिनिधि ज्युहरु,**
**गाउँ सभासदस्य ज्यूहरु,**
**नागरिक समाज तथा वुद्धिजिवी बर्ग,**
**कार्यलाय प्रमुख तथा सम्पुर्ण कर्मचारी मित्रहरु,**
**पत्रकार ज्यूहरु तथा उपस्थित महिला एवं सज्जन बृन्दमा नमस्कार तथा हार्दिक अभिबादन।**

यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा आफुलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाइ विभिन्न सुझाव दिनु हुने सम्पुर्ण गाउँ सभा सदस्य ज्युहरु, कर्मचारीवर्ग,आम जन समुदाय लगायत सम्पूर्णमा हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृध्दिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८०/८१ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृध्द गाउँपालिका र जनताको लक्ष्य हासील गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारीमा विकास गरिनेछ।

- यस नीति तथा कार्यक्रमले मानवीय क्षमता बिकास,महिला शसक्तिकरण, लैंगिक समानता, कृषिमा आत्म निर्भरता, पूर्वधार निर्माण, सामाजिक सुरक्षामा सहज पहुँच,संचार तथा प्रविधि, उद्यमशीलता र रोजगारी अभिबृद्धि, गरिबी न्यूनीकरण, दिगो बिकास तथा पर्यावरण संरक्षण र सुशासनको प्रत्याभूतिलाई प्राथमिकतामा राखेको छ।
- एकडारा गाउँपालिकाको प्रशासकीय भवनको अपेक्षित संरचना निर्माण कार्यलाई प्राथमिकतामा राखी यसै वर्ष देखि निर्माण कार्य प्रार्मभ गरिनेछ र उक्त कार्य सम्पादनार्थ संघीय सरकारसँग अनुदान प्राप्तिको लागि सघन रुपमा गृहकार्य गरी समन्वय गरिनेछ।
- यस एकडारा गाउँपालिका अन्तर्गतका विभिन्न विषयगत क्षेत्रको विकासका लागि तपसिल अनुसार प्रतिबद्ध रही कार्यसम्पादन गरिनेछ|

## स्थास्थ्य

१. स्वास्थ्य पूर्वाधार विकासको लागि यस पालिका अन्तर्गत २ ओटा बर्थिंग सेन्टरको अत्याधुनिक मेशिन तथा ल्याव सहितको औजार उपकरण उपलव्ध गराई सुरक्षित मातृत्वको लागि पूर्वाधार विकास गरिनेछ |साथै थप बर्थिंग सेन्टर स्थापना गर्न पहल गरिनेछ |

२. एकडारा गाउँपालिका एवं सरोकारवालाहरु सँगको समन्वय र साझेदारीमा **"पूर्ण सुरक्षित मातृत्व गाउँपालिका"**, **"पूर्ण खोप युक्त गाउँपालिका** र **"कुपोषण मुक्त गाउँपालिका"** बनाउन प्रत्येक स्वास्थ्य संस्थाबाट सेवा संचालन गर्न आवश्यक पहल गरिनेछ ।

३. नसर्ने प्राणघातक तथा जटिल रोगको उपचारमा पहुँच पु-याउन **"स्वास्थ्य सुधार योजना"** को रुपमा सरोकारवालाहरु सँग समन्वय र सहकार्यमा सुधार गरि नीतिगत कार्यक्रम तथा सेवा उपलब्ध गराइनेछ।

४. गर्भवती अवस्थामा आमाको स्वास्थ्य अवस्थाको जाँच गरि सामान्य तथा जटिलता अवस्था पता लगाई सुरक्षित मातृत्व पालिका बनाउनको लागि Portable USG को व्यवस्थापन गर्न सेवा संचालन गरिनेछ |

५. स्वास्थ्य चौकीहरुको भौतिक पूर्वाधारको स्तरोन्नती तथा व्यवस्थापन गरिनेछ।

६. गाउँघर क्लिनिक तथा खोप क्लिनिको व्यवस्थापन गरि सेवा प्रवाह लाइ निरन्तरता गरिनेछ।

७. संघीय सरकारको नीतिगत कार्यक्रम अनुरुप स्वास्थ्य संस्था नरहेको ठाउँमा आधारभूत स्वास्थ्य सेवा केन्द्रको स्थापना गर्न पहल गरिनेछ।

८. समुदाय स्तरमा धरदैलो कार्यक्रम संचालन गरि ANC, PNC तथा इन्टिच्यूटसनल डेलिभरीमा Improvement हुने खालका कार्यक्रम संचालन गरिनेछ।

९. नागरिक आरोग्य सेवा केन्द्र द्वारा प्रवाहित सेवा अनुकूलका स्थानीय जडिबुटी, योग शिविर आयुर्वेद युक्त औषधि निःशुल्क रुपमा उपलब्ध गराउनको साथै उक्त आरोग्य केन्द्रको संचालन तथा व्यवस्थापन कार्यलाई प्रोत्साहन गरिनेछ।

१०. स्वास्थ्य संस्थाहरु तथा सेवाहरुलाई सृढढ्किरण गरि सेवा प्रवाहलाई थप गुणस्तयुक्त वनाईने छ।

११. दीर्घरोगी (मुटुरोगको शल्यक्रिया, क्यान्सर रोगी, मृगौलाप्रत्यारोपण रोगहीहरु) लाई आवश्यक सहयोग समेत गरिनेछ।

१२. स्वास्थ्य कर्मीहरुलाई क्षमता अभिवृद्धि सम्बन्धि तालिमको व्यवस्था गरिनेछ।

१३. पालिका स्तरीय थप Ambulance को ब्यबस्था गर्न दात्रिनिकायलाई पहल गरिनेछ।

१४. महिला स्वास्थ्य स्वयं सेविका प्रोत्साहन रकममा रु.५०० थप गरि कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१५. स्वास्थ्य चौकीको व्यवस्थापन नियमावली तर्जुमा गरि अनुगमन व्यवस्था प्रभावकारी बनाइनेछ |

१६. वर्षमा १ पटक पालिका स्तरमा विशेषज्ञ डाक्टरहरु द्वारा नि:शुल्क स्वास्थ्य शिविर संचालन गरिनेछ |

१७. मधेश प्रदेश जनस्वास्थ्य निर्देशनालय र एकडारा गाउँपालिका विचको आवश्यक पहलमा एकडारा स्वास्थ्य चौकिमा स्थापना भएको प्रयोगशाला संचालनमा आइ सकेको हुनाले सेवा प्रवाह लाइ थप जनमैत्री बनाइनेछ र प्रोग्शाला बाट नियमित सेवा संचालन गरिनेछ |

१८. स्वस्थ्य तथा जनसंख्या मन्त्रालयलको निर्देशन अनुरुप घातक रोगको सुचिमा रहेको क्यान्सर, किड्नीरोगि तथा पक्षघात रोगि हरुलाई मासिक रु.५००० को दरले दिने उपचार खर्चको लागि कोषको स्थापान गर्न र समन्वयको लागि समबन्धित निकाय, विभाग तथा मन्त्रालयमा आवश्यक पहल गरिनेछ |

१९. स्वस्थ्य बिमा लाइ थप सहज बनाउन आवश्यक जानकारी प्रवाह गरि स्वास्थ्य बिमा कार्यक्रम लाइ निरन्तरता दिईनेछ|

२०. प्रसुती सेवाको लागि गाउँपालिका अन्तर्गत एम्बुलेन्स सेवा नि:शुल्क गरिनेछ |

## कृषि तथा पशु पंक्षी

२१. एकडारा गाउँपालिकाको समष्टिगत कृषि क्षेत्रको सम्भावना विकास तथा प्रवर्द्धन दिगो व्यवस्थपान एवं उपयोगको लागि आवश्यक रणनीतिहरु तयार गरी कार्यक्रम संचालन गरिनेछ।

२२. कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व अभिवृद्धिका लागि निर्वाहमुखी खेती प्रणालीलाई निरुत्साहित गरि व्यवसायीक खेती प्रणालीमा रुपान्तरण गरिनेछ। किसानलाई प्रत्यक्ष लाभ हुने गरी समयमै मल उन्नत बीउ बिजन प्राविधिक सेवा तथा अन्य आवश्यक सामाग्रीहरु उपलब्धताको सुनिश्चितता गर्नुको साथै उत्पादनको आधारमा अनुदान सहयोग उपलब्ध गराइनेछ।

२३. कृषियोग्य बाँझो जग्गालाई उपयोगमा ल्याउन सामुहिक वा सहकारी कृषि प्रणाली अवलम्बन्मा जोड दिइनेछ।

२४. कृषि सिँचाइको समुचित विकास प्रयोजनका लागि नेपाल विद्युत प्राधिकरणसँगको समन्वयमा कृषि विधुतीकरण गर्न थप पहल गरिनेछ।

२५. यस गा.पा.भित्र रहेको सहकारी संस्थाहरुलाई व्यवस्थित गर्न यसै वर्ष देखि सहकारी ऐन तथा कार्यविधि कार्यन्वयन गरिनेछ|

२६. परम्परागत खेतिलाइ निरुत्साहित गरि कृषकहरु लाइ आधुनिक खेति तर्फ अग्रसर गरि जैविक मल उत्पादन सम्बन्धि कार्यक्रम ल्याइनेछ|

२७. सिंचाई विना कृषिमा अगाडी बढन असम्भव छ त्यसैले पालिका क्षेत्र भित्रमा सिंचाईका नहरहरुलाई सुदृढीकरण गरि स-साना शाखा नहरहरुलाई स्तरनोन्ती गरिदै किसानको प्रत्येक खेतमा सुलभ सिंचाई को लागि आवशयक नीति तथा मापदण्ड तैयार गरि कार्यन्वयन गरिनेछ।

२८. पालिका स्तरीय कोल्ड स्टोर निर्माणका लागि पालिका र संघीय सरकारको संयुक्त लगानीको लागि बजेट व्यवस्थापन गरिनेछ।

२९. उत्पादन तथा उत्पादकत्व वृद्धिको लागि प्रत्येक वडामा कृषि सेवा केन्द्र तथा पशु सेवा केन्द्रको स्थापना तथा व्यवस्थापन गरिनेछ।

३०. किसान सुचीकरण कार्यलाई अगाडी बढाउने छ। साथै धान वालीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र विकास कार्यक्रमर संचालन गरिनेछ।

३१. खाद्यान उतपादन वृद्धि गर्न ५०% अनुदानमा उन्नत विउ विजन उपलब्ध गराईनेछ।

३२. व्यवशायीक नगदेवाली उत्पादन गर्न गा.पा.भित्रका वाडाहरुमा वाली उत्पादन पाकेट क्षेत्र निरधारण गर्नेछ।

३३. कृषक वर्गको हितमा आवश्यकता अनुसार कृषि तथा पशु प्राविधिकको व्यवस्था मिलाई परिचालन गरिनेछ। ठुलो परिमाणमा कृषि तथा पशु पालन सम्बन्धी व्यवशायीक फर्म स्थापना गर्ने चाहने व्यक्तिहरुलाई अनुदानमा यन्त्र उपकरण उपलब्ध गराईनेछ।

३४. नेपाल सरकारको नीति अनुरुप एकडारा गा.पा. लाई दुग्ध, फूल, मासु र माछामा आत्मनिर्भर गराउन अनुदानमा अधारित कार्यक्रम संचालन गरिनेछ।

३५. एक वडा एक उत्पादन कार्यक्रमलाइ प्रथमिकताका साथ् लागु गरिनेछ|

३६. कृषि सिंचाईका लागि संघीय सरकार द्वारा प्राप्त हुने सम्पुरक अनुदान कार्यक्रमबाट डीप ट्युवेल जडान गरिनेछ|

३७. **"हमर उत्पादन एकडाराके सान** भन्ने मूल नाराका साथ यस पालिका भित्रका ६ ओटै वडामा छुट्टा छुट्टै जातको फलफुलको उत्पादन मार्फत यस गाउँपालिकाको पहिचान झल्किन विशेष कार्यक्रम ल्याइनेछ|

३८. एकीकृत मेवा, अम्बा, कागती तथा मोरिन्गा खेतिगर्ने किसानहरुलाई अनुदान सहयोग गरिनेछ|

३९. व्यवसायिक कुखुरा पालन ,बाख्रा पालन व्यवसायीलाइ व्यवसाय प्रवर्धनको लागि विशेष प्याकेजको व्यवस्था गरिनेछ|

४०. यस पालिकाभित्रका सम्पूर्ण कृषि तथा पशुपन्छी समबन्धि व्यवसायीलको तथ्यांक संकलन गरि दर्ता न रहेका व्यवसायीहरुलाई अनिवार्य व्यवसाय दर्ता गरिनेछ|

४१. माछामा आत्मनिर्भरता कायम राख्न अनुदानमा आधारित मत्स्य हेक्री स्थापना गरिनेछ|

## शिक्षा युवा तथा खेलकुद

४२. संघीय तथा प्रादेशिक नीति नियमको अनुसरण गर्दै आवश्यक्ता अनुसार नयाँ विद्यालयको स्थापना गर्न पहल गरिनेछ।

४३. गाउँपालिकालाइ पूर्ण साक्षर घोषणाको लागि आवश्यक कार्यक्रमहरु ल्याइनेछ|

४४. पालिका स्तरीय खेलकुद मैदानको निर्माणकार्यको लागि आवश्यक जग्गा व्यवस्थापन तथा पूर्वाधार निर्माण गरिनेछ।

४५. गुणस्तरीय शिक्षाको लागि विद्यालयले वार्षिक कार्य योजना बनाई पठन पाठन कार्यलाई प्रभावकारी रुपमा अगाडी बढाइने छ।

४६. मापदण्ड पुरा नभएको निजि बिद्यालयलाई स्थानीय शिक्षा ऐन अनुसार दायरामा ल्याउन पहल गरिनेछ।

४७. श्रोत बिहिन समुदायिक तथा धार्मिक बिद्यालयका लागि गाउँ शिक्षक भर्ना कार्यक्रमको ब्यबस्था गरिने छ।

४८. संघ तथा प्रदेश सरकारको नीति आवलम्वन गर्दै यस पालिकाले युवाहरुलाई खेलखुद प्रति आकर्षण बढाउनको लागि पालिका स्तरीय क्रिकेट टुनामेन्ट प्रतियोगिता संचालन गरिनेछ|

४९. युवा क्लवहरुको सुदृढीकरण गर्ने तथा नयाँ क्लबहरु स्थापना गर्ने कार्यलाई निरन्तरता दिईनेछ र पालिका स्तरीय खेलकुद क्रियाकलापहरु संचालन गरिनेछ।

५०. युवाहरुको शैक्षिक, वौद्धिक, शारिरीक तथा आर्थिक विकास सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ।

५१. गाउँपालिकास्तरमा उपयुक्त स्थानको खोजि गरि १ क्रिकेट खेल मैदानको स्थापना कार्य अगाडि बढाइनेछ। गाउँपालिका स्तरिय वार्षिक खेलकुद महोत्सव आयोजना गरिनेछ।

५२. यस पालिकाभित्रका विद्यालयहरुलाई बाहिरी वातावरणबाट सुरक्षित राख्नको लागि कम्पाउण्डवालको व्यवस्थापन तथा लैङ्गिक एवं अपाङ्गमैत्री थप कक्षा कोठा निर्माण, शौचालय निर्माण, खानेपानी व्यवस्थापन कार्यलाई अगामी आ.व. मा अगाडी बढाउने नीति अवलम्वन गर्दै तपसिलमा उल्लेखित क्रियाकलापहरु संचालन गरिनेछ।

**तपसिल**

- हरेक माध्यमिक विद्यालयहरुलाई श्रोत सम्पन्न विद्यालयको रुपमा विकास गर्न आवश्यक सहयोग गरिनेछ।
- हरेक वडाका बालबिकास केन्द्रहरुमा बालमैत्री पूर्वाधार थप गरि आधुनिक रुपमा बिकास गरिनेछ।
- पालिकाको सम्पूर्ण शैक्षिक संस्थाहरुमा इन्टरनेट सेवा उपलब्ध गराईनेछ।
- प्रविधिक शिक्षा अध्ययन गर्न चाहने विद्यार्थीहरुलाई आंशिक छात्रबृत्ति उपलब्ध गराईनेछ। यसका लागि शैक्षिक बिकास कोष स्थापना गरिनेछ।
- पालिकामा रहेका प्राबिधिक शिक्षालयहरुको स्तरवृद्धि गरिनेछ।
- प्रारम्भिक बालविकास कार्यक्रमलाई निरन्तरता दिदै सुदृढिकरण र व्यवस्थित गरिनेछ।
- यस पालिका भित्रको विद्यलयहरुको व्यवस्थापन समिति, प्र.अ. तथा शिक्षकहरुको क्षमतावृद्धि कार्यक्रम संचालन गरिनेछ।
- विद्यालयमा लैंगिकहिंसा मुक्त तथा दण्डरहित शिक्षण सिकाई अवधारण अवलम्बन गरिनेछ।
- आधारभुत शिक्षालाई सुदृढिकरण गर्ने तथा विषयगत शिक्षकहरुलाई क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ।

- किशोरीहरुको आत्मरक्षाको लागि विद्यालयहरुमा तालिम संचालन गर्ने।
- विद्यालय दिबा खाजा कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- विद्यालयहरुको प्रगति प्रतिवेदन प्रणाली मासिक चौमासिक तथा वार्षिक रुपमा सुदृढिकरण गरिनेछ।
- प्रत्येक विद्यालयमा औषधि उपचार कक्ष व्यवस्थापन गरिनेछ।
- यस पालिका अन्तर्गत रहेका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरुको वृत चित्र निर्माण गरिनेछ।
- प्रत्येक विद्यालयमा विपद् व्यवस्थापनका लागि श्रोत सामाग्रीको व्यवस्था गरिनेछ।
- नायव सुब्बा तथा खरिदार पदको लोकसेवा तयारी कक्षा तथा टिचिंग लाइसेन्स को तैयारी कक्षा संचालन गरिनेछ।
- यस पालिका भित्रमा प्राविधिक शिक्षाको पठनपाठनको सुरुवातको लागि श्री मा.वि.एकडारामा डिप्लोमा इन जियोमेटिक्स ,श्री नेपाल रास्ट्रिय माध्यमिक विद्यालयमा आर्ट्स विषय को प्रविणता प्रमाणपत्र तह तथा श्री जनता माध्यमिक विद्यालय कोल्हुवा वगेयामा डिप्लोमा इन सिभिल इन्जिनियरिंग र बेचलर इन इलेक्ट्रिकल विषयको कक्षा संचालनको लागि समबन्धित निकाय बाट सहमति प्राप्त भई सकेको हुँदा तिन वटै विद्यालयको पूर्वाधार विकास गरिनेछ |
- सामुदायिक विधायालम अध्यनरत ६-१२ कक्षा सम्मका छात्राहरुलाई नि:शुल्क स्यनेटरी प्याडको व्यवस्था गरिनेछ |
- विद्यालय र सार्वजनिक ठाउँहरुमा C.C.T.V जडान गरिनेछ |

## भाषा तथा संस्कृति

५३. संस्कृति संरक्षण, प्रवर्द्धनका लागि विभिन्न जातजातिको भाषा भाषीहरुको कला र संस्कृति प्रवर्द्धन सम्बन्धी विशेष कार्यक्रमहरु संचालन गर्नका लागि बजेट व्यवस्था गरिनेछ।

५४. मिथिलाका परम्परागत नाच कला लोप हुँदै गएका झिझिया लगायत अन्य संस्कृतिहरुलाई बढावा तथा लोप हुन बाट जोगाउनको लागि विशेष कार्यक्रमहरु गरि प्रोत्साहन तथा समाग्रीहरु वितरण गरिनेछ।

५५. पालिका स्तरमा संचालनहुने महामहोत्सवको रुपमा वडा नं १ र वडा नं ६ को दुर्गा पुजा ,वडा नं ३ को श्री श्री १०८ गणेश पुज्नोत्सव तथा वडा नं ५ को लक्ष्मी पुजा महोत्सव, वडा नं २ र ५ सह्लेश पुजा महोत्सव ,तजिया ,मोहमद डे,इद उल फितर लाइ प्राथमिकतामा राखी निरन्तरता दिइने |

५६. लोप हुदै गइ रहेको स्थानीय लोक बाजा ढोल पिपही(सहनाई) लाइ संरक्षन तथा प्रवर्धन गरिनेछ |

५७. मिथिलाको सभ्यतालाइ जोगाउने उधेश्यका साथ यस पालिकाको एउटा सानो प्रयास महिला संग उपाध्यक्ष कार्यक्रम अन्तर्गत मिथिला पेंटिंग, हस्तकला पर्वधन, पाग निर्माण,तथा अन्य व्यवसायिक तालिम तथा स-साना घरेलु उद्योग उत्पादन कार्यक्रमहरु संचालन गरिनेछ |

५८. संघ तथा प्रदेश सरकारको नीति तथा कार्यक्रमहरुलाई आत्मसाथ गर्दै यस गाउँपालिकाको भाषा तथा संस्कृतिहरुको उजागरमा सहयोग गर्ने सम्पूर्ण पालिका बासीहरुमा धन्यवाद ज्ञापन गर्दै अगामी आ.व. मा तपसिल बमोजिमको क्रियाकलापहरु संचालन गरिनेछ।

**तपसिल**

- स्थानीय चांड पर्व मनाउनको लागि स्थानीय टोल सुधार समिति मार्फत वस्तुगत सहयोग गरिनेछ |

## खानेपानी तथा सरसफाई

५९. संघ तथा प्रदेश सरकारको नीति अनुसरण गर्दै यस पालिकाले प्रत्येक नागरिकलाई सरसफाईमा पहुच पुर्याउनको लागि गत विगत देखि गर्दै आएका एक घर एक चर्पी, एक घर एक खानेपानी सार्वजनिक स्थानहरुमा शौचालय तथा खानेपानी जडान कार्यलाई अगामी आ.व. मा समेत प्राथिमकताका साथ निरन्तरता दिइ तपसिलका उल्लेखित क्रियाकलापहरु संचालन गरिनेछ।

**तपसिल**

- यस अघि निर्माण भएका खानेपानी परियोजनाहरुको लेखाजोखा अध्ययन गरि पुराना जडान भएका हैण्ड पाइपहरुको अभिलेख सहित पालिकाको जनताको शुद्ध खानेपानी मौलिक अधिकारलाई सुनिश्चित गर्न संघ र प्रदेश सरकार सँग समन्वय गरि अति विपन्न तथा पिछिडिएको जातजातीहरुको लागि नि:शुल्क खानेपानी पाईप वितरण तथा जडान कार्यलाई निरन्तरता दिइने छ
- वडा नं. १ देखि ६ सम्म आवश्यक्ता अनुसार सार्वजनिक शौचालय तथा गिरिव विपन्न बर्गका व्यक्तिहरुलाई शौचालय निर्माण सामग्री उपलव्ध गराइनेछ।

६०. गाउँपालिकाको स्वच्क्षता अभियान लाई आत्मसाथ गर्दै पूर्ण सरसफाइको लागि समुदाय स्तरमा जनचेतनामुलक कार्यक्रम संचालन गरिनुका साथै उल्लेखित कार्यक्रमहरुमा विगत देखि सहयोग गरिदै आएका वैदेशिक श्रोत तथा दातृनिकायलाई धन्यवाद दिदै आगामी आ.व.मा समेत खानेपानि तथा सरसफाई कार्यमा वैदेशिक दातृनिकायको सह-लगानी कार्यलाई निरन्तरता दिइनेछ।

६१. हाम्रो गाउँ सफा तथा स्वच्छ गाउँको अवधारणलाई आत्मसाथ गर्दै फोहोरमैला व्यवस्थापनका लागि आवश्यक ट्र्याक्टर तथा घुम्ती शौचालय खरिद तथा जनशक्ती व्यवस्थापन गरिनेछ।

६२. खानेपानी सुविधा भएका स्थानहरुमा खानेपानी गुणस्तर सुनिश्चित गर्न पालिका तहमा खानेपानी गुणस्तर जाँच गर्ने स्थापना भएको ल्यावको सुदृधिकरण गरि प्रत्येक घर पनि जाँच कार्यक्रम संचालन गरिनेछ । साथै आधारभूत खानेपानी सुविधा भएका वस्तीहरुमा सुरक्षित खानेपानी समुदाय घोषणा गरिदै लगिनेछ र आधारभूत खानेपानी सुविधा नभएका समुदायहरुमा खानेपानी योजनाहरुको मर्मत सम्भार एवं नयाँ योजनाहरु निर्माण गरिनेछ।

## लैंगिक समानता तथा समावेशिकरण

६३. अपांगता भएका व्यक्तिहरुलाई सहज रुपमा अपांगता परिचय पत्र उपलव्ध गराउने उधेश्यले शिविर संचालन गरिनेछ|

६४. यस पालिका अन्तर्गतका अपांगता भएका विधार्थीहरुलाई विद्यालयमा पहुँचको लागि विद्यालय पूर्वाधारहरुमा रयाम्पको व्यवस्था गरिनेछ|

६५. सरकारको नीति अनुसरण गर्दै यस पालिकाले लैंगिक विभेद मुक्त समाज, सम्मान पहुँचको वातावरण समावेशिताको सिद्धान्त आवलम्वन गरिने क्रियाकलापहरु संचालन गरिनेछ।

- नेपाल सरकारको नीति अनुसरण गर्दै यस पालिकाले लैंगिक विभेद मुक्त समाज, सम्मान पहुँचको वातावरण समावेशिताको सिद्धान्त आवलम्वन गरिने क्रियाकलापहरु संचालन गरिनेछ।
- महिला र पुरुषको समान काम तथा सहभागिता अभिवृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ।
- गरिव तथा विपन्न दलित, आदिवासी, जनजाती, एकल महिला, अपाङ्गता भएका महिला, लोपन्मुख समुदाय वञ्चितिकरण तथा वहिष्करणमा परेका समुदाय महिला तथा किशोरीको सशक्तिकरण, क्षमता विकाश, आयआर्जन गर्ने गरि आर्थिक समाजीक विकासको कार्यक्रम संचालन गरिनेछ।

## समाजिक सुरक्षा तथा संरक्षण

६६. हरेक नागरिकको बैंक खातालाई अनिवार्य गरि वृद्ध, वृद्धा एकल महिला, तथा अपाङ्ग नागरिकको समाजिक सुरक्षा भत्ता बैंक मार्फत व्यक्तिको खातामा सिधै पठाउने व्यवस्था मिलाउनुका साथै अति अशक्त व्यक्तिहरुका लागि बैँक सँग समन्वय गरि विशेष सेवाको व्यवस्था गरिनेछ।

६७. जातीय छुवाछुत र सामाजिक कुरिती, रुढीबादी अन्ध विश्वासको अन्त गर्न सास्कृतिक सुधार कार्यक्रम संचालन गरिनेछ

६८. बृद्धा, अशक्त तथा एकल व्यक्तिका लागी आश्रमको व्यबस्था मिलाउन संघ तथा प्रदेश सरकारसंग आवश्यक पहल गरिनेछ।

६९. गाउँपालिकामा बैंकिंग प्रणालीमा सहज पहुँच अभिबृधिको लागि थप क देखि ग वर्गको बैंक तथा वितिय संस्थालाइ इजाजत दिने व्यवस्था यसै वर्ष मिलाइनेछ|

## श्रम, रोजगार तथा उधम विकास

७०. रोजगारीमा थप क्षेत्रहरुको पहिचान गरि प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप उपलब्धी मुलक बनाउन आवश्यक निर्माण सामाग्रीहरु एवं उपकरणहरु उपलब्ध गराईनेछ।

७१. गरिवी निवारणको लागि संघिय एवम प्रदेश सरकार सँग समन्वय गरि रोजगार मूलक कार्यक्रम संचालन गरिने छ।

७२. वैदेशिक रोजगारबाट फर्केका तथा बेरोजगार व्यक्तिहरुको तथ्याङ्क सङ्कलन गरि उनीहरुलाई स्वरोजगार मुलक तालिम र सिपको परिक्षण गरि स्वरोजगार तर्फ उन्मुख गराइने छ।

७३. रोजगार सेवा केन्द्रबाट बेरोजगार व्यक्तिहरुको तथ्यांक संकलन तथा अभिलेखिकरण गरि न्यूनतम १०० दिनको रोजगारी सृजनाको सुनिश्चिता गरिने छ।

७४. कोभिड १९ का कारण बैदेशिक रोजगारी गुमाएका व्यक्तिहरुको तथ्यांक संकलन गरि सीप विकास तालिम दिइ स्वरोजगार तर्फ उन्मुख गराइने छ।

७५. रोजगारी सिर्जनको लागि स्थानीय स्तरमा रोजगारीको सम्भावना अध्यन गरि कार्यनवयन गरिनेछ|

७६. स्वरोजगारलाइ प्रवर्धन गर्न लघु उधम कार्यक्रम मार्फत शिप विकास तालिम संचालन गरि घरेलु उत्पादनमा जोड दिई स्थानीय सतरमै रोजगारी सृजना गरिनेछ|

## पर्यटन क्षेत्रको पूर्वाधार विकास तथा प्रवर्धन

७७. गाउँपालिका भित्रका पर्यटकीय गन्तव्यहरुको पर्वर्धनको सम्भाव्यता अध्यन गरिनेछ|

७८. संघीय सरकार पर्यटन उपज कार्यक्रम तथा स्थानीय तह साझेदारीबाट निर्माण भइ रहेको कोल्हुवा पोखरी निर्माण कार्य यसै बर्ष सम्पन्न गरिनेछ|

७९. यस पालिका भित्र रहेका अन्य सार्वजनिक पोखरी हरुको सौन्दर्यिकरण तथा उद्यान स्थापना गरिनेछ|

८०. यस एकडारा गाउँपालिका वडा नं ३ अन्तर्गत रामजानकी मन्दिर क्षेत्र विकास कार्यक्रम संचालन अन्तर्गत पूर्वाधार विकास गरि पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ|

८१. स्थानीय महत्वका चांड पर्व इदउलफितर , मोहमद डे,तजिया ,सव-ए .वारत ,सोवरात ,दशैं, तिहार ,छठ लगायतका चांडपर्वहरु मनाउनको लागि आवश्यक सहयोग उपलव्ध गराईनेछ|

८२. वडा नं ५ बहेडा शिव मन्दिरको आवशयक पूर्वाधार विकास निर्माण गरिनेछ|

८३. यस गा.पा. अन्तर्गत धर्म संस्कृति झल्किने पर्यटन पूर्वाधारका मठ मन्दिर, मस्जिद, पोखरी आदी पूर्वाधारहरुलाई प्राथमिकताका साथ अगाडी बढाउने तथा निरन्तरता दिइनेछ।

८४. यस गा.पा.अन्तर्गतका मठ मन्दिर,शिवालय, मस्जिद ,मदर्शा तथा धार्मिक संस्कृतिक संस्थाहरुको चल अचल सम्पतिको अभिलेखीकरण गरि स्थानीय सरकारको दायरामा ल्याइनेछ |

## पूर्वाधार विकास

८५. एकडारा गाउँपालिका भित्रका सम्पूर्ण वस्ती स्थित बाटो तथा गल्लीहरुको पक्की ढलान कार्यलाई निरन्तरता दिइनेछ।

८६. वडा देखि पालिका जोड्ने सडकहरु लाई कालोपत्रे गरिनेछ |

८७. गाउँपालिका स्तरीय वडा नं. १ देखि ६ सम्मको सडक बाटो जोडी रिङ रोडको अवधारनालाई प्राथमिक्तामा ल्याइने छ।

८८. विभिन्न अधुरो योजनाहरु (समुदायिक भवन, मठ मन्दिर, इदगह, मदर्सा, चौतारा ) आदिको निर्माण तथा सौन्दर्यकरणलाई प्राथमिक्ता दिइनेछ।

८९. प्रत्येक गाउँ टोलको जनसमुदायलाई सडकको पहुँच पुर्याउने गाउँदेखि मुल सडक वा राजमार्ग सम्म सडक स्तरोन्नती पुल पुलेसा, हयूम पाईप तथा नयाँ सडक निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

९०. यस पालिका भित्र सिंचाईको आधुनिक संरचना तयार गर्ने नीति ल्याइने छ।

९१. यस पालिका अन्तर्गत विगत देखि हाला सम्म निर्माण भएका पक्कि सडक, पुल पुलेसा ,नया सडक,तथा ग्राभेल सडकहरुको तथ्यांक अध्यावधिक गरि नामकरण गरिनेछ ।

९२. गाउँपालिकाको स्थानीय सडक ,ग्रामिण सडक ,कृषि सडक समबन्धि नीति ,कानुन, मापदण्ड, योजना बनाइ कार्यन्वयन गरिनेछ |

९३. ड्रेनेज प्लान बनाइ कोल्हुवा गाउँको पानि निकासको समस्यालाइ समाधान गरिनेछ |

९४. ४ मिटर ,६ मिटर र ८ मिटर सडकको मापदण्ड तैयार गरि कार्यन्वयन गरिनेछ |

९५. गाउँपालिका भित्रका हुलाकी सडक , जलेश्वर बर्दिबास सडक , वडा जोड्ने सडकहरुमा सडकको दुवै छेउमा ब्रिक्षा रोपन गरिनेछ |

९६. गाउँपालिका प्रवेश द्वार निर्माण गरिनेछ |

## महिला बालबालिका तथा जेष्ठ नागरिक

९७. महिला हिँसा, लैंगिक समानता उन्मुलनको लागि जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ |

९८. महिला सशक्तिकरण कार्यक्रम संचालन गरिनेछ |

९९. विद्यालयमा अध्यनरत अपांग छात्र छात्राहरुलाई विशेष सुबिधा उपलव्ध गराइनेछ |

१००. जेष्ठ नागरिक सम्मान कार्यक्रम संचालन गरिनेछ |

१०१. जेष्ठ नागरिक मिलन केन्द्रको स्थापना गरिनेछ |

१०२. जेष्ठ नागरिक परिचयपत्र अभियान संचालन गरिनेछ |

१०३. बाल संरक्षन तथा पुनर्स्थापन कोष स्थापन गरिनेछ |

१०४. पालिका स्तरीय बाल Folder तैयार गरिनेछ |

## वन, वातावरण तथा विपद व्यबस्थापन

१०५. सार्वजनिक खालि जग्गा, सडक पेटी, सार्वजनिक पोखरी, सामुदायिक विद्यालय, मठमन्दिरहरुको खालि जग्गामा फलफूलको विरुवा ब्रिक्षा रोपन गरि वातावरनीय तथा पर्यावरनीय सुधार गरिनेछ।

१०६. जडी बुटीको उत्पादन तथा बजारीकरणमा जोड दिइनेछ |

१०७. विपद ब्यबस्थापन कोषको स्थापना कार्य लाइ निरन्तरता दिईनेछ |

१०८. शितलहर, बाढी जस्ता विपद बाट जोगिन आवशयक उपाय अबलम्बन गरिनेछ |

१०९. आगलागी नियन्त्रणका लागि बारुण यन्त्रको व्यबस्था मिलाउन संघ, प्रदेश तथा छिमेकी पालिकासंग समन्वयन गर्न पहल गरिनेछ

## कार्यालय संचालन, सुशासन तथा प्रशासनीक

११०. संघ र प्रदेश सरकारको नीति कार्यक्रमलाई अनुसरण गर्दै गाउँपालिका अन्तर्गतका विभिन्न क्षेत्र कार्यालय शाखाहरुको समन्वय सहजिकरण एवं निष्ठापूर्वक कार्य प्रभावकारीताको अपेक्षा लिएको छ

१११. गाउँपालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमा गरिनेछ। साथै गाउँपालिकामा करको दर निर्धारण गर्दा प्रगतिशिल कर प्रणाली लागू गरिनेछ।

११२. मुख्य राजश्वका श्रोतहरु : सम्पति कर, घर नक्सा पास तथा अभिलेख दस्तुर, व्यवसाय कर, वहाल विटौरी शुल्क, सम्पति मूल्याङ्कन शुल्क, सिफारिस तथा प्रमाणित दस्तुरको दर तथा असुली प्रक्रिया निर्धारण गरि सफ्टवेयर प्रणालीबाट अभिलेखीकरण गर्ने व्यवस्था मिलाइनेछ।

११३. एकडारा गाउँपालिकाको न्यायकि समितिको क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ।

११४. न्यायमा सहज पहुँचको लागि मेलमिलापकर्ताहरुको क्षम्ता अभिबृधि गरिनेछ|

११५. विषयगत शाखाबाट प्रावाह हुने सेवा प्रभावकारिताको साथै निष्ठा पुर्वक मुस्कान सहितको सेवा प्रावाह हुने अपेक्षा लिएको छु|

अतः यस नीति तथा कार्यक्रममा सहयोग गर्नु भएका सम्पूर्ण बुद्धिजीवी ,नागरिक समाज, पत्रकारगण , व्यवसायी, सुरक्षा कर्मी, पार्टी प्रतिनिधि, कर्मचारीहरु लगायतका सम्पूर्णमा हार्दिक धन्यवाद दिदै आगामी आ.व.को अनुमानित बजेट यस प्रकार रहेको छ|

## अनुमानित बजेट

**संघीय सरकारबाट प्राप्त अनुदानहरु**

- वित्तिय समानिकरण अनुदान संघ – ९९१०००००/- (नौ करोड एकान्वे लाख मात्र )
- सर्शत अनुदान संघ – १४७३००००००/- (चौध करोड तिहतर लाख मात्र)
- विषेश अनुदान संघ –१२००००००/- (एक करोड बिस लाख मात्र)
- सम्पुरक अनुदान संघ –५००००००/- (पचास लाख मात्र)
- राजश्व वाँडफाँड संघ –७७१२४५००/- (सात करोड एकहत्तर लाख चौबिस हजार पाँच सय मात्र)

**प्रदेश सरकारबाट प्राप्त अनुदान**

- वित्तिय समानिकरण प्रदेश –७१४१०००/- (एकहत्तर लाख एकचालिस हजार मात्र)
- सर्शत अनुदान प्रदेश –८००००००/- (असि लाख मात्र)
- विषेश अनुदान प्रदेश –३००००००/- (तिस लाख मात्र )
- समपुरक अनुदान प्रदेश – २००००००/- (बिस लाख मात्र)

**आन्तरिक श्रोत**

- **५००००००/- (पचास लाख मात्र मात्र )**

➢ **चालु तर्फ २२०४२४५००/- (बाईस करोड चार लाख चौबिस हजार पाँच सय मात्र)**

➢ **पुजीगत तर्फ १४५२४१०००/- (चौध करोड बाउन्न लाख एक चालिस हजार मात्र)**

**कुल जम्मा – ३६५६६५५००/- (छतिस करोड छपन्न लाख पैसठी हजार पाँच सय मात्र)**

**धन्यवाद !**